दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २५३ | बुटवल | २०८२ भदौं २३ गते, सोमबार | नेपाल संवत ११४५ | Sunday September 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## सामाजिक सञ्जाल बन्दबारे कांग्रेसले छलफल गर्ने

बुटवल । नेपाली कांग्रेसले सामाजिक सञ्जाल निष्कृय पार्ने निर्णयका विषयमा सरकारसँग छलफल गर्ने निर्णय गरेको छ ।

आइतबार सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा नेताहरूले सामाजिक सञ्जाल निष्कृय पार्ने निर्णयप्रति असन्तुष्टि जनाएपछि सरकारसँग छलफल गर्ने निर्णय गरिएको सहमहामन्त्री डिना उपाध्यायले जानकारी दिइन् । सामाजिक सञ्जाललाई नियमन गर्नुपर्ने भए पनि बन्द नै गर्ने निर्णय उचित नभएको उनको भनाइ थियो । बैठकले मनाङ प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा निर्वाचन क्षेत्र (२) को उप-निर्वाचनका लागि दल दर्ता गर्ने निर्णय गरेको पनि उनले जानकारी दिइन् ।

त्यस्तै कांग्रेस नेता अर्जुननरसिंह केसीले सामाजिक सञ्जाल निष्कृय बनाएपछि आमनागरिकमा असन्तुष्टि देखिएको भन्दै यसबारे सरकारसँग कुरा गरिने बताए ।

'सरकारको गलत काममा कांग्रेसले हस्तक्षेप गर्नुपर्छ । हामी त्यही ढंगबाट कुरा उठाउँछौं ।'- केसीले भने । यसअघि महामन्त्री गगन थापाले सञ्जाल बन्द गरेर सरकार उल्टो बाटो हिंडेको बताएका थिए ।

## एमाले विधान महाधिवेशन: सबै प्रतिवेदनहरू पारित

लुम्बिनी संवाददाता

*बुटवल*

नेकपा एमालेले विधान महाधिवेशनमा प्रस्तुत प्रतिवेदनहरू पारित भएको छ । ललितपुरको गोदावरीस्थित सनराइज हलमा भएको विधान महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णु पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव शंकर पोखरेलले सांगठानिक प्रतिवेदन प्रस्तुत गरेका थिए । यसका अलवा विभिन्न आयोगहरूका प्रतिवेदन पनि प्रस्तुत भएका थिए ।

ती प्रतिवेदनहरू हलबाट सर्वसम्मतीले पास भएको एमालेले जनाएको छ । नेकपा एमालेको विधान महाधिवेशनअन्तर्गत समूहगत नेताहरूले समूहगत छलफलको सुझावमा ७० वर्षे उमेरहद, दुई कार्यकालको सीमा र पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नविकरणको विषय समेटेका थिए ।

» *बाँकी ३ पेजमा*

## सामाजिक सञ्जालमा प्रतिबन्धविरुद्ध पत्रकारको प्रदर्शन

बुटवल । सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धविरुद्ध पत्रकारहरूले प्रदर्शन गरेका छन् ।

नेपाल पत्रकार महासंघका पूर्वपदाधिकारीहरु, महासंघका वर्तमान पदाधिकारीहरू, नेपाल प्रेस युनियन, प्रेस सेन्टरलगायतका संगठनहरूले आइतबार काठमाडौंको माइतीघरमण्डलामा ब्यानरसहित उभिएर प्रदर्शन गरेका हुन् ।

उनीहरूले 'सञ्जाल बन्द, आवाज बन्द', जनताको मुख थुन्न पाइँदैन,' 'अभिव्यक्ति स्वतन्त्रता हाम्रो अधिकार,' 'सरकारले हान्यो पेटमा लात, खोसियो हाम्रो दाल र भात,' अलोकतान्त्रिक निर्णय फिर्ता गरलगायतका नारा लगाउँदै प्रदर्शनमा उत्रिएका हुन् ।

पत्रकार अगुवाहरुले सामाजिक प्लेटफर्म बन्द गरेर सरकारले नागरिकको अधिकार हनन गरेको भन्दै तत्काल निर्णय फिर्ता हुनुपर्ने माग गरेका थिए । सामाजिक सञ्जाल बन्द भएपछि कन्टेन्ट क्रिएटर र स्टार्टअपलगायतका कम्पनीहरूलाई असर गरेको छ ।

### रूपन्देही ३ उप-चुनाव :

# कांग्रेसले पूर्व गभर्नरलाई अघि सार्ने सम्भावना

लुम्बिनी संवाददाता

*बुटवल*

रुपन्देही-३ को उप-निर्वाचनमा नेपाली कांग्रेसले पूर्व गर्भनर चिरञ्जीवी नेपाललाई अघि सार्ने सम्भावना देखिएको छ । १७ कात्तिकमा रुपन्देही-३ मा हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि कांग्रेसबाट नेपाल नयाँ आकांक्षी देखिएका हुन् ।

राष्ट्रपति रामचन्द्र पौडेलका पूर्व आर्थिक सल्लाहकार समेत रहेका नेपालले रुपन्देही ३ क्षेत्रका मतदाताले उम्मेदवार हुन आग्रह आएको बताए ।

पाल्पा जन्मस्थान रहेका नेपाल रुपन्देही-३ का पनि बासिन्दा हुन् । पञ्चायतकालमा नेपालले यसै क्षेत्रमा कांग्रेसबाट राजनीति समेत गरेका थिए । आकांक्षी नेपालले भने-'मेरो घर रुपन्देही-३ मै छ । त्यहाँ पञ्चायतकालदेखि नै राजनीति गरेको हुँ ।'

कांग्रेसबाट अन्य आकांक्षीहरुमा बालकृष्ण खाँण, रामचन्द्र ढकाल, सुशिल गुरुङ, रमेश खनाल, प्रमोद यादव, भरत शाह छन् । ढकाल रुपन्देहीका पूर्व सभापति हुन् भने गुरुङ निर्वाचन हुने क्षेत्रका सभापति हुन् । खनाल लुम्बिनी प्रदेश समितिमा छन् ।

आकांक्षी यादव गत निर्वाचनमा रुपन्देही-४ र शाहले रुपन्देही-५ मा प्रतिनिधिसभामा पराजित भएका थिए । पूर्व गृहमन्त्री बालकृष्ण खाँण कांग्रेसबाट गत निर्वाचनमा यस क्षेत्रमा पराजित भएका थिए । यसपटक कांग्रेसले नयाँ विधि बनाएर उम्मेदवारलाई टिकट दिने भएको छ ।



आकांक्षी उम्मेदवारहरूका बारेमा क्षेत्रका मतदाताको धारणा अनौपचारिक रुपमा बुझेर टिकट वितरण गर्ने तयारी गरिएको छ ।

पार्टी केन्द्रबाट नेताहरु खटाएर अनौपचारिकरूपमा फरक-फरक क्षेत्रमा आबद्ध व्यक्तिहरुको समेत धारणा सुनेर उम्मदेवार तय गर्ने कांग्रेसले जनाएको छ ।

रुपन्देही ३ मा हालसम्म रास्वाले डा. लेखजंग थापालाई उम्मेदवार बनाउने निर्णय गरेको छ । जनमत पार्टीले धनिराम चौधरीलाई र राष्ट्रिय जनमोर्चाले बद्रे आलमलाई उम्मेदवार बनाउने निर्णय गरेका छन् । बुटवल मोतीपुरका लेखनाथ गैरे, भैरहवाका अजयकुमार गुप्ता र बुटवलका किरण विकले स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन् ।

काठमाडौंका मेयर बालेन शाहका परराष्ट्र तथा खाद्य सल्लाहकार सन्तोष गिरी पनि उम्मेदवार बन्ने बताउँदै आएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीले केन्द्रीय सदस्यद्वय स्वाती थापा र बसन्तविक्रम शाही, रुपन्देही अध्यक्ष सागरप्रताप राणा, स्वर्गीय दीपक बोहराका छोराहरू गौरव बोहरा र प्रज्ज्वल बोहरा तथा जिल्ला नेता दिलिप मल्लिकको नाम सिफारिस गरेको छ ।

एमालेले पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, नेताहरु यज्ञजित शाह, हरि अधिकारी र अमृता गुरुङको नाम सिफारिश गरेको छ । माओवादी केन्द्रले सोनिया यादव, मनिषकुमार जोशी, फैज अहमद खान र तिरबहादुर रोकाय (डार्बिन) को नाम सिफारिश गरेको छ ।

**यस्तो छ विगतको नतिजा**

रूपन्देही-३ मा १ लाख ३९ हजार ७६४ मतदाता छन् । २०७९ सालको चुनावमा ९० हजार मत खसेको थियो । जसमा समानुपातिकतर्फ नेपाली कांग्रेसले २० हजार २७८ मत पाएको थियो । एमालेले १६ हजार ९८६ मत पाउँदा रास्वपाले १४ हजार १५४ र राप्रपाले ९ हजार १८३ मत पाएको थियो ।

त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार र जसपा नेपालले ५ हजार मत पाएको थियो । लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७०० मत पाएका थिए ।

यो क्षेत्रमा माओवादी केन्द्रले २ हजार ६००, जनमुक्ति पार्टीले १ हजार ९००, हाम्रो नेपाली पार्टी (लौरो)ले १ हजार ३४७ र नेकपा एकीकृत समाजवादीले ७८१ मत पाएका थिए ।

२०७९ मा एमालेसँगको गठबन्धनबाट राप्रपाका दीपक बोहरा ३६ हजार ७१७ मत पाएर विजयी भएका थिए । उक्त चुनावमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण २ हजार ६८१ मतले पराजित भएका थिए । खाँणले ३४ हजार ३६ मत पाएका थिए । उक्त चुनावमा कांग्रेसले माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायतका दलसँग गठबन्धन गरेको थियो ।

यो क्षेत्रमा नेपाल-भारत सीमा क्षेत्र बेलहिया नाकादेखि बुटवल उपमहानगरको वडा नम्बर १४ देखि १९, शुद्धोधन गाउँपालिका र सिद्धार्थनगर नगरपालिकाका सबै वडा, सियारी गाउँपालिकाको वडा नम्बर १ देखि ३, ६ र ७, ओमसतिया गाउँपालिकाको वडा नम्बर २, मायादेवी गाउँपालिकाको वडा नम्बर ७ र ८, तिलोत्तमा नगरपालिकाको वडा नम्बर १३ र १४ र बुटवल उप-महानगरपालिकाको वडा नम्बर १४ देखि १९ वडा समेटिएको छ ।

२०७४ सालमा नयाँ भूगोल समेटेर क्षेत्र नम्बर ३ बनेपछि एमालेका घनश्याम भुसाल र २०७९ मा पुनः राप्रपाका दीपक बोहरा एमालेको समर्थनमा विजयी भएका थिए ।

२०७४ सालमा नेपाली कांग्रेसले दीपक बोहरालाई उम्मेदवार बनाएर बालकृष्ण खाँणलाई समानुपातिक सांसद बनाएको थियो । घनश्याम भुसालले ३२ हजार ८६६ मत ल्याएर जिते भने बोहराले २७ हजार ४२२ मत ल्याएका थिए । त्यतिबेला एमाले र माओवादी केन्द्र मिलेर चुनाव लडेका थिए ।

# आज जेन जीको प्रदर्शन, राष्ट्रिय राजनीति नै तरंगित




बुटवल । जेन-जी (युवा पुस्ता) ले आज काठमाडौंसहित देशका प्रमुख शहरमा गर्ने प्रदर्शनले राष्ट्रिय राजनीति नै तरंगित भएको छ । सरकारले समाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध, देशमा व्याप्त भ्रष्टाचार, बेथिति नेता र उनीहरुको छोराछोरीहरूको बिलासी जीवनशैलीमा प्रश्न गर्दै जेनजीहरुले आज सोमबार प्रदर्शन गर्ने घोषणा गरेका छन् ।

जेन जीलाई काठमाडौंमा प्रदर्शन गर्न प्रशासनले अनुमति दिएको छ । माइतीघर-नयाँ बानेश्वर क्षेत्रमा प्रदर्शन गर्न अनुमति माग्न जेन-जी केही विद्यार्थीहरू जिल्ला प्रशासन कार्यालय काठमाडौं पुगेका थिए ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी (सीडीओ) छवि रिजालले पनि जेन जीहरू आएको पुष्टि गरे ।

भ्रष्टाचार र बेतिथिविरुद्ध गर्न लागेको प्रदर्शन शान्तिपूर्ण र मर्यादित हुने भएको छ । प्रदर्शनको आयोजिकहरुमध्येको एक युवाले आइतबार सूचना जारी गर्दै काठमाडौंको माइतीघर मण्डलासहित देशभरि एकैसाथ 'भ्रष्टाचारलगायत देशमा व्याप्त सम्पूर्ण बेथिति विरुद्ध' प्रदर्शन हुने बताएको छ ।

भ्रष्टाचारविरुद्धको संघर्ष केवल युवाहरूको मात्र नभई सम्पूर्ण नेपाली जनताको साझा अभियान भएको भन्दै सहभागिता जनाउन पनि आग्रह गरिएको छ ।

प्रदर्शनसम्बन्धी कार्यक्रमबारे विस्तृत जानकारी अर्को विज्ञप्तिबाट सार्वजनिक गरिने समेत बताइएको छ ।

बुटवलमा बिहान ९ बजे राजमार्ग चौराहामा प्रदर्शन हुने आयोजकले जानकारी दिएका छन् । भैरहवामा साँझ प्रदर्शन हुने छ ।

नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले कसैले विधि, कानुन उल्लघंन गर्न नपाउने टिप्पणी गरेका छन् ।

एमालेको दोस्रो विधान महाधिवेशन टुंग्याउनेक्रममा ओलीले नयाँ पुस्ता राष्ट्रियताप्रति सचेत, अनि विधि कानुनबारे स्पष्ट छ भन्ने अपेक्षा आफूले राखेको बताए ।

प्रधानमन्त्री ओलीले भने-'जेनजीले आफ्ना कुरा राख्न पाउँछ, पाउनुपर्छ । देशको नीति, नियम अनि राष्ट्रिय हितबारे उसले स्पष्ट धारणा बनाएको छ भन्ने म ठान्छु ।'

साथै उनले आफू बन्द-हड्ताल वा प्रतिबन्धको पक्षधर नभएको दाबी गर्दै सामाजिक सञ्जाल बन्द गराइएको सन्दर्भको बचाउ गरे । उनले सामाजिक सञ्जाल बन्द गर्ने सरकारको उद्देश्य नरहेको तर्क गर्दै दर्ताका लागि आह्वान मात्रै गरिएको बताए ।

सरकारको निर्णयको विरोधमा जेनजी पुस्ता सडक आन्दोलनमा उत्रिने घोषणाका बीच प्रधानमन्त्री ओलीको यस्तो अभिव्यक्ति आएको हो ।

जेन जीको प्रदर्शनलाई काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) ले समर्थन जनाएका छन् ।

उमेर हदका कारण आफू उक्त प्रदर्शनमा सहभागी हुन नपाए पनि उनीहरूको कुरा बुझ्न जरुरी भएको भन्दै आफ्नो समर्थन रहेको उनले सञ्जालमार्फत् जानकारी गराएका छन् ।

'र्‍याली स्पष्ट स्वःस्फूर्त रुपमा जेनजीको हो, उहाँहरू भनेको २८ वर्ष मुनि हुनुहुन्छ, जसका लागि म पनि अझै बुढो देखिन्छु । मलाई पनि उहाँहरूको इच्छा, उद्देश्य, सोंच बुझ्न मन छ,' बालेनले भनेका छन्-'यो स्वःस्फूर्त र्‍यालीमा कुनै पार्टी, नेता, कार्यकर्ता, सांसद, अभियन्ताहरू आफ्नो स्वार्थ पूरा गर्ने बाठो नबन्नुहोला ! म उमेर हदको कारण जान मिलेन, तर उहाँहरूको कुरा बुझ्न जरुरी छ, मेरो भरपूर समर्थन छ ।'

उनले थप प्रश्न पनि गरेका छन्-'प्रिय जेनजी भन्नुस् तपाईँहरुले कस्तो देश देख्न चाहनुहुन्छ ?'

१५ चैतमा भएको हिंसात्मक प्रदर्शनमा प्रहरीले मुख्य आरोपी बनाएका दुर्गा प्रसाईंले नयाँ पुस्ताले आह्वान गरेको अभियानमा सहभागी हुने भनेपछि आयोजकमा अन्योलता थपिएको छ । प्रसाईंले आइतबार अपराह्न 'जेनजेडसँगै दुर्गा प्रसाईं' भन्दै स्ट्याटस लेखेपछि जेनजीतर्फबाट प्रदर्शनको तयारी गरिरहेका युवाहरु उनलाई सहभागी गराउने वा नगराउने भन्नेमा विभाजित भएका छन् ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# डिंगरनगर दूरगामीको संकटले निम्ताएको खराब नजिर

रुपन्देहीको तिलोत्तमा-३ स्थित डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी संस्थाका दुई मुख्य पदाधिकारी र व्यवस्थापकले करोडौं बचत अपचलन गरेपछि एउटा गम्भीर र नजिर स्थापित भएको छ । विगतमा अन्य सहकारीमा समस्या आउँदा बाहिरबाट आएका सहकारीमा मात्रै समस्या भएको र स्थानीय सञ्चालक र कर्मचारी भएको सहकारीमा समस्या छैन र हुँदैन भन्ने भाषण सहकारीका अगुवाहरुले गर्दै आएका थिए । तर अधिकांश नेपाली कांग्रेसका स्थानीय नेताहरुले नेतृत्व गरेको डिंगरनगर दूरगामीमा करोडौं रकम हिनामिनाले स्थानीय सञ्चालक हुँदैमा शेयर सदस्यको बचत सुरक्षित हुन्छ भन्ने विश्वास गर्न नसकिने अवस्था आएको छ ।

उक्त सहकारीका एक हजार आठ सय चारजनाले बचत फिर्ताको माग गर्दै प्रहरीमा जाहेरी दिएका छन् । उक्त सहकारीमा शेयर सदस्यको ३३ करोड रुपैयाँ बढी बचत रहेको छ । सहकारीका अध्यक्ष घनश्याम तिवारी, सचिव रामबहादुर थापा र व्यवस्थापक बसन्त पराजुलीले बचत अपचलन गरेको भन्दै उनीहरुविरुद्ध स्थानीय शेयर सदस्यले इलाका प्रहरी कार्यालय बुटवलमा किटानी जाहेरी दिनुले सहकारीप्रति अविश्वास हो । छानबिन प्रतिवेदन अनुसार सञ्चालक समितिबाट ८ करोड बढी अनियमितता भएको देखिएको छ । यस्तै, १२ करोड रुपैयाँ हिनामिना (खाए/मासेको), २५ करोड रुपैयाँ अपचलन र ८५ करोड रुपैयाँ नीतिगत अपचलन भएको अडिट प्रतिवेदनले देखिएको छ ।

सहकारीले विभिन्न व्यक्तिका नाममा ३४ करोड ७ लाख ५५ हजार ८१४ रुपैयाँ गैरकानुनी ऋण प्रवाह गरेको छ । ऋण प्रवाह गर्दा ९ करोड २८ लाख ३० हजार बराबरको मात्र धितो राखेको छ । यस हिसाबले सहकारीको कुल ऋणमध्ये २१ करोड ७४ लाख ६६ हजार ५४९ रुपैयाँ जोखिममा छ । त्यस्तै, व्यवस्थापक बसन्त पराजुलीले ४ करोड ७० लाख ७६ हजार १२१ रुपैयाँ अनियमितता गरेको अडिट रिपोर्टले औंल्याएको छ । पराजुलीसँग उक्त रकमको ब्याजसहित ४ करोड ८० लाख ९७ हजार असुल्नुपर्ने देखिएको पनि अडिट रिपोर्टमा उल्लेख छ । सञ्चालक समितिले ८ करोड २७ लाख ३१ हजार ४७६ रुपैयाँ अनियमितता गरेको हुँदा उक्त रकम समितिले जिम्मा लिनुपर्ने सुझाव पनि अडिट रिपोर्टमा दिइएको छ ।

अध्यक्ष, सचिव र व्यवस्थापकविरुद्ध सहकारी ठगीमा किटानी जाहेरी परेको र बचतकर्ताहरुबाट पनि बचत फिर्ताको मागसहित उजुरी परेकाले अब प्रहरीले यथाशीघ्र मुद्दा दर्ता गरी फरार अध्यक्ष र सचिवलाई खोजतलास गरी पक्राउ गर्नुपर्छ । स्थानीयस्तरमा सञ्चालित यो सहकारीमा देखिएको संकट र अविश्वासको वातावरणलाई साम्य बनाउन राज्यका निकायको अग्रसरता र प्रभावकारी भूमिका बचतकर्ता र आम सहकारी क्षेत्रले खोजेको छ । सहकारीका अध्यक्ष र सचिव सत्तारुढ दल नेपाली कांग्रेसका स्थानीय नेता रहेका र गृहमन्त्रालय पनि नेपाली कांग्रेसकै भएकाले राजनीतिक चलखेलले उनीहरुलाई संरक्षण दिन खोजिएको हो कि भन्ने आशंका छ । त्यस्तो आशंका हटाउन प्रहरीले आफ्नो भूमिका बढाउन जरुरी छ ।

व्यवस्थापक बसन्त पराजुली एक साता प्रहरीको हिरासत बसेर छुटिसकेका छन् । अध्यक्ष र सचिवविरुद्ध पनि रुपन्देही जिल्ला अदालतले एक महिनाअघि नै पक्राउ पुर्जी जारी गरेको थियो । तर उनीहरू अहिलेसम्म पक्राउ नपर्दा बचतकर्ताले राजनीतिक संरक्षणको आशंका गरेका छन् । सहकारीका अध्यक्ष र सचिवलाई पक्राउ गर्न प्रहरीले बेवास्ता गरेको आरोप पनि छ । तसर्थ प्रहरीले यथासक्य छिटो उनीहरुलाई पक्राउ गरेर अनुसन्धान अघि बढाइ बचतकर्ताको बचत फिर्ताको वातावरण बनाउनुपर्छ । बचतकर्ताले आफ्नो बचत फिर्ता पाएको अवस्थामा स्थानीय सहकारीप्रति नागरिकको विश्वास पुनःस्थापित हुनसक्छ । यसतर्फ सरोकारवाला सबैको ध्यान जान जरुरी छ ।

# ११ दशमलव ५२ अङ्कले घट्यो नेप्से परिसूचक



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार ११ दशमलव ५२ अङ्कले ओरालो लागेको छ । नेप्सेका अनुसार कारोबारमा परिसूचक शून्य दशमलव ४२ प्रतिशतले घटेर दुई हजार ७०८ दशमलव २५ अङ्कमा कायम भएको हो ।

विभिन्न ३३४ कम्पनीका एक करोड ११ लाख २४ हजार ८४५ कित्ता शेयर ५८ हजार ८७ पटक रु चार अर्ब ४० करोड २७ लाख ६७ हजार २७१ दशमलव ७२ मा कारोबार भएको छ । १७३ वटा कम्पनीको शेयर मूल्य घट्दा ७९ वटाको बढेको छ ।

हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको सेयर मूल्य ९.९७ प्रतिशत, एनआइबिएल समृद्धि फण्ड-२ को पाँच दशमलव ८३ प्रतिशत, युनिभर्सल पावर कम्पनीको पाँच दशमलव १२ प्रतिशतले घटेको छ ।

साथै पञ्चकन्या माइ हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ६२ प्रतिशत, विकास हाइड्रोपावर कम्पनी लिमिटेडको तीन दशमलव ९२ प्रतिशतले ओरालो लागेको छ ।

# सामाजिक सञ्जालको दर्ता, नियमन र सूचनाको हक



रश्मिशेखर सुवेदी

सामाजिक सञ्जाललाई कानुनको अधीनमा ल्याउनु जरुरी छ । तर, यो काम बलपूर्वक वा आदेशात्मक शैलीमा होइन, पारदर्शिता, संवाद र लोकतान्त्रिक मूल्यको सम्मानसहित गर्नुपर्छ । तबमात्र यो कदमलाई जनताले सकारात्मक रूपमा लिन सक्छन् र नेपाल डिजिटल सार्वभौमिकताको नयाँ चरणमा प्रवेश गर्नेछ ।

नेपालमा भर्खरै सामाजिक सञ्जाल दर्ता प्रक्रियाबारे सरकारले लिएको निर्णयले ठूलो बहस जन्माएको छ । फेसबुक, मेसिन्जर, व्हाट्सएप, इन्स्टाग्राम, युट्युब जस्ता प्लेटफर्महरू नेपालमा लाखौंले प्रयोग गरिरहेका छन् । तर यी सबै कम्पनीहरूले नेपालमा कुनै प्रकारको कानुनी दायित्व नलिएका कारण अब दर्ता नगरी सञ्चालन गर्न नदिने तयारी सरकारले गरेको हो ।

धेरै सर्वसाधारण नेपालीको बुझाइमा यो दर्ता प्रक्रिया व्यक्तिगत अर्थमा लिइएको छ । तर यो प्रारम्भिक चरण सेवाप्रदायक विदेशी कम्पनीहरूका लागि हो भन्ने अर्थमा बुझाउनु आवश्यक थियो । यी कम्पनीहरु दर्ता भएपछि मात्र देशभित्र यसलाई नियमन गर्न सकिने आधार तयार हुन्छ भन्ने स्पष्ट बोल्नु पर्दथ्यो सरकारले !

सरकारले यसलाई कसैको अभिव्यक्ति स्वतन्त्रता सीमित गर्ने वा लोकतन्त्रमा प्रहार गर्ने हिसाबले बुझ्न हुँदैन, बरु नागरिकको सुरक्षाका लागि आवश्यक कानुनी प्रबन्धका रूपमा लिनुपर्छ भन्नुपर्दथ्यो ! तर, सूचना र मनोरञ्जनका लागि प्रयोग गरिएको सामाजिक सञ्जाल सरकारले बन्द गर्ने भो र यसको हकबाट वञ्चित हुने भइयो भन्ने बुझाइमा छन्, सर्वसाधारण जनता । यसको वास्तविकता बुझाउन नसक्नु र ठाडो आदेशात्मक भाषा प्रयोग गरिनु सरकारको कमजोरी हो ।

नेपाल सरकारको धारणाअनुसार यी सामाजिक सञ्जाललाई दर्ता प्रक्रियामा ल्याउनुपर्ने मुख्य कारण भनेको आधिकारिकताको स्थापना, यसमा देखिएका विकृति र त्यसले समाजमा पारेको नकारात्मक असर न्यूनीकरण गर्नु भन्ने बुझिन्छ ।

अहिलेको अवस्थामा सामाजिक सञ्जालमार्फत अराजकता फैलाउने, जातीय, धार्मिक वा राजनीतिक विभाजनलाई उत्तेजना दिने, छाडा र मनपरी पोस्ट गर्ने, अरूको चरित्र हत्या गर्ने, फेक आइडी बनाएर ठगी गर्ने, अश्लीलता फैलाउने जस्ता समस्याहरू दिन-प्रतिदिन बढिरहेका छन् । यसलाई नियन्त्रण नगरे समाजमा दीर्घकालीन अस्थिरता सिर्जना हुने खतरा छ । सरकारले यसलाई सामान्य समस्या होइन, लोकतन्त्रकै स्वास्थ्यमा असर पुऱ्याउने विषय मानेर कानुनी दायरामा ल्याउन खोजेको हो भन्ने जनमानसमा पुऱ्याउनु पहिलो आवश्यकता थियो ।

दर्ता अनिवार्य भएपछि यी सञ्जालहरू कानुनको अधीनमा आउँछन् । यसले गर्दा यस्ता विकृतिलाई सजिलै नियमन गर्न सकिन्छ । जसरी पत्रपत्रिका वा टेलिभिजन सञ्चारमाध्यम दर्ता भएर कानुनी जिम्मेवारीका आधारमा सञ्चालन हुन्छन्, त्यसैगरी सामाजिक सञ्जालसमेत दर्ता भएर आधिकारिक रूपमा सञ्चालन हुनु जरुरी ठहरिएको छ । यसो गर्दा फेक आइडी खोलेर अरूको इज्जतमा प्रहार गर्ने, असत्य प्रचार गर्ने, समाजलाई उथलपुथल पार्ने मानिसहरू सजिलै कानुनी दायरामा ल्याउन सकिन्छ भनेर बुझाउनु पर्दथ्यो ।

पत्रकारितामाथि पनि सामाजिक सञ्जालले प्रत्यक्ष असर पारेको छ । पेशागत पत्रकारितामा तथ्य, प्रमाण र जिम्मेवारी आवश्यक हुन्छ, तर सामाजिक सञ्जालमा अपुष्ट, अमर्यादित र भावनात्मक सामग्री सजिलै भाइरल हुन्छ । यसले पत्रकारिता र सामाजिक विश्वास दुवैलाई हानि पुऱ्याएको छ । त्यसैले, दर्ता प्रक्रिया लागू भएपछि सामाजिक सञ्जाललाई पनि कानुनको अधीनमा ल्याएर पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रताको बीचमा सन्तुलन कायम गर्न सकिन्छ भन्ने कुरा भन्न सक्नु पर्थ्यो ।

यो कदमबाट सकारात्मक परिणामहरू अपेक्षित छन् । पहिलो- सामाजिक सञ्जालमा हुने अपराधजन्य गतिविधि घट्नेछ । दोस्रो- नागरिकले आफूलाई लक्षित गरेर हुने गलत प्रचार वा चरित्र हत्याबाट कानुनी संरक्षण पाउनेछन् । तेस्रो- पत्रकारिता झूटो प्रचार र फेक समाचारको असरबाट जोगिनेछ । चौथो- मुलुकले विदेशी कम्पनीहरूसँग कर उठाउन सक्नेछ, जसले राष्ट्रिय अर्थतन्त्रलाई केही योगदान पुऱ्याउनेछ ।

तर, यति मात्रले जनतामा विश्वास पैदा हुँदैन । जनताले सरकारका हरेक कदमलाई नकारात्मक दृष्टिले हेर्ने प्रवृत्ति देखिएको छ । यसको कारण भने अघिल्ला अनुभव हुन् । सरकारले विभिन्न क्षेत्रमा पारदर्शिता नदेखाएका कारण, घोषणामा भन्दा कार्यान्वयनमा कमजोरी देखिएको कारण र नागरिकसँग पर्याप्त संवाद नगरेको कारणले अविश्वास गहिरिएको छ । यसैले सामाजिक सञ्जाल दर्ता प्रक्रियालाई पनि कतिपयले आलोचनात्मक स्वर दबाउन गरिएको प्रयास भनेर बुझिरहेका छन् ।

विश्वका धेरै देशले पनि यस्तै कदम चालेका छन् । भारतले टिकटकसहित धेरै एप्स प्रतिबन्ध लगाइसकेको छ । अमेरिकामा टिकटकमाथि कडा कानुनी चुनौती प्रस्तुत गरिएको छ । युरोपेली संघले कानुनी संरचना बनाएर यस्ता कम्पनीलाई कर तिर्न र उपभोक्ता अधिकार पालना गर्न बाध्य पारेको छ । पाकिस्तान र इन्डोनेशियाले पनि आंशिक रोक लगाएर कानुनी दायरामा ल्याएका छन् । यसरी हेर्दा नेपाल सरकारको कदम एक्लो होइन, अन्तर्राष्ट्रिय अभ्यासकै हिस्सा पनि हो ।

नकारात्मक पक्षको सम्भावना पनि नकार्न सकिन्न । यदि कम्पनीहरूले नेपाललाई प्राथमिकतामा राखेनन् भने सेवा नै बन्द हुने खतरा पनि हुन्छ । शिक्षादेखि व्यापारसम्म धेरै क्षेत्रमा असर पर्न सक्छ । तर सरकारले नागरिकलाई डिजिटल संसारबाट वञ्चित गर्न खोजेको होइन, कानुनी र व्यवस्थित ढाँचामा प्रयोग गर्नुपर्ने सन्देश दिन खोजेको हो भन्ने चै बुझाउन नसकेको देखिन्छ ।

यथार्थमा सामाजिक सञ्जालमा विकृति बढ्दै गएको बेला यसलाई कानुनी दायरामा ल्याउनु पर्ने आवश्यकता ठूलो छ । अराजकता नियन्त्रण गर्न, मनपरी र छाडा पोस्ट रोक्न, फेक आइडीमार्फत् चरित्र हत्या गर्नेहरूलाई कारबाही गर्न र पत्रकारिताको मर्यादालाई जोगाउन दर्ता प्रक्रिया अपरिहार्य बनेको छ । तर यसको सफलताको आधार सरकारकै शैली र पारदर्शिता हो । सरकारले यसलाई जनतासँग संवाद गरेर, प्रष्ट व्याख्या गरेर र नागरिकलाई लाभ देखाएर अघि बढाउन सके मात्र विश्वासको संकट हट्छ ।

यसैले यो स्पष्ट छ- सामाजिक सञ्जाललाई कानुनको अधीनमा ल्याउनु जरुरी छ । तर, यो काम बलपूर्वक वा आदेशात्मक शैलीमा होइन, पारदर्शिता, संवाद र लोकतान्त्रिक मूल्यको सम्मानसहित गर्नुपर्छ । तबमात्र यो कदमलाई जनताले सकारात्मक रूपमा लिन सक्छन् र नेपाल डिजिटल सार्वभौमिकताको नयाँ चरणमा प्रवेश गर्नेछ । घटना र विचारबाट

# स्वस्थ रहने सजिलो सूत्रः ए, बी, सी, डी, ई

सरोज कुमार राय

नेपाली भाषामा बिरामी शब्द बिरामबाट बनेको हो । अर्थात् कही न कही, केही न केही, जानअन्जानमा बिराम (गल्ती) गरे/भएपछिको अस्वस्थतालाई बिरामी भनिएको हो । स्वस्थ रहने सबैको चाहना हुन्छ । तर, स्वास्थ्य भन्ने कुरा शरीरमा रोग नहुनु मात्र होइन भन्ने कुरा कमैलाई थाहा होला ।

गुणस्तरीय जीवनको पहिलो आधारस्तम्भ हो स्वास्थ्य । जुन जैविक, वातावरणीय, सामाजिक, भावनात्मक तथा आध्यात्मिक जस्ता तत्वहरुको समुचित अन्तर्क्रियाबाट निर्धारित हुन्छ । अर्थात् व्यक्ति र व्यक्तिसँग उपलब्धस्रोत-साधनबीचको सन्तुलित अन्तर्क्रियाले स्वास्थ्य निर्धारण गर्छ ।

स्रोत-साधनअन्तर्गत व्यक्तिको आर्थिक अवस्था, पोषिलो खाना, स्वच्छ पानी, स्वास्थ्य सेवा, व्यवस्थित यातायातमा पहुँच, परिवार र समुदायसँगको सम्बन्ध एवं व्यक्तिगत ज्ञान / जनचेतना आदि पर्दछन् । यति धेरै पाटो हेर्दा स्वस्थ रहने कुरा निकै कठिन लाग्न सक्छ। किनभने माथि उल्लिखित सबै तत्वहरु सधैंभरी सन्तुलित नरहन सक्छ । त्यसमाथि धेरैजसो स्वास्थ्यको निर्धारक तत्व व्यक्तिगत नियन्त्रणभन्दा बाहिरका हुन्छन् ।

यिनै कठिनाइलाई सम्बोधन गर्न मानवीय तथा सामुदायिक स्वास्थ्य कायम गर्ने जिम्मेवारीलाई अन्तर्राष्ट्रिय, राष्ट्रिय, सामुदायिक, पारिवारिक हुँदै परिवारको सानो इकाई मानिने व्यक्तिगत स्तरसम्म बाँडिएको छ । स्वास्थ्य व्यक्तिगत सम्पत्ति हुने भएकोले व्यक्तिगत जिम्मेवारीकै कुराअगाडि आउँछ । विश्व स्वास्थ्य संगठनले आमनागरिकलाई सम्झन सजिलो हुने गरी स्वस्थ रहने सूत्र जारी गरेको छ, त्यो हो- ए, बी, सी, डी, ई ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले फागुन महिनाभरी नसर्ने रोगहरुको स्क्रिनिंग कार्यक्रममार्फत् आम जनसमुदायको स्वास्थ्य प्रवर्धन गर्ने काम गरिरहेको छ ।

के हो - ए, बी, सी, डी, ई ।

**एः एभोइड अल्कोहल**

सानादेखि ठूला, सुखद र दुःखद् जस्तोसुकै अवसरलाई बहाना बनाएर मदिरा पिउने चलन हामीकहाँ नयाँ हैन । क्षणिक रमाइलोका लागि मदिराजन्य पदार्थको सहारा लिने यही बानी हाम्रो स्वास्थ्यको लागि घातक भइरहेको पत्तो पाउँदैनौं । त्यसैले मदिरा पिउने बानीलाई आजैदेखि नियन्त्रण गर्नुस् ।

रक्सी सेवनले शरीरका अंगलाई पुऱ्याउने क्षति र व्यक्तिगत उत्पादकत्वमा ल्याउने ह्रासको हिसाबकिताब गर्नुस् । टोल र बस्तीलाई हैन, आ-आफ्नो घरलाई नै मदिरामुक्त क्षेत्र घोषणा गर्नुस् ।

मदिरा सेवनले मुटु तथा मिर्गौलाको रोग, क्यान्सर, मधुमेह आदिको जोखिम बढाउँछ । यी रोगबाट बच्ने उपाय अपनाउनु भनेको आफ्नो आर्थिक बचतका साथै राज्यको निःशुल्क स्वास्थ्य सेवामा लाग्ने आर्थिक भार कम गर्नु पनि हो ।

**बीः बि फिजिकल्ली एक्टिभ**

बढ्दो आर्थिक सम्पन्नताले हाम्रो दिनचर्या आलस्यपूर्ण बन्दै गएको छ । त्यसले रोगलाई निम्ता दिइरहेको हुन्छ । यसैले टेबल वर्कले शारीरिक निस्क्रियता नल्याओस् भन्नेतर्फ सचेत हुनुस् ।

शारीरिक रुपमा सक्रिय भएमा धेरैजसो रोगबाट बच्न सकिन्छ । यसैले दैनिक बिहान योग प्राणायामलाई जीवनमा समावेश गर्नुस् र मधुमेह, उच्च रक्तताप जस्ता दीर्घरोगहरु टाढा रहनुस् ।

**सीः कट डाउन साल्ट एन्ड सुगर**

बढी नुन र मसालेदार खानेकुरा हाम्रो शरीरले धान्न सक्दैन । अत्यधिक नुन पाइने बजारका प्याकिङ खानेकुरा र गुलियो सफ्ट ड्रिंक्स सकेसम्म सेवन नगर्नुस् । विश्वव्यापी रुपमा अब सफ्ट ड्रिंक्सको बोतलमा पनि चुरोटको बट्टामा जसरी क्यान्सरको चेतावनीको चित्र राख्नेबारे बहस हुन थालेको छ ।

महामारी जसरी फैलिरहेको मधुमेह रोगको एउटा कारक सफ्ट ड्रिंक्स हुन सक्ने कुरा अनुसन्धानले संकेत गरेको छ ।

**डीः डन्ट युज टोबाको प्रडक्ट्स**

विश्वमा मृत्यु हुने हरेक १० जनामा एक जनाको मृत्यु सुर्तीजन्य पदार्थको सेवनले हुने गरेको विश्व स्वास्थ्य संगठनको तथ्यांक छ । नेपालमा प्रतिवर्ष करिब बाइस हजार जना क्यान्सरका रोगी भेटिने गरेका छन् ।

तपाईं ती बाइस हजार जनाभित्र पर्न चाहनुहुन्न भने धूमपान त्याग्नुस् । तपाईंले धूमपान गर्दा छेउको व्यक्तिलाई पनि असर गर्ने भएकाले परिवारका सदस्यलाई दिनदिनै कति असर परेको होला भन्ने ख्याल गर्नुस् ।

सरकारले जारी गरेको धूमपान मुक्त सार्वजनिक ठाउँहरुको सम्मान गर्दै सभ्य नागरिकको परिचय दिनुस् र आफ्नो घरलाई पनि धूम्रपान मुक्त क्षेत्र बनाउनुस् ।

**इः इट प्लेन्टी अफ भेजिटेबल्स एन्ड फ्रुट्स**

राम्रो स्वास्थ्यको आधार राम्रो खानपान नै हो । मौसम अनुसारको उपलब्ध भएसम्मको हरिया सागपात, फलफूल खाने गरौं ।

'हरेक बार खाना चार' लाई (१. अन्न तथा कन्दमुल २. गेडागुडी ३. हरियासागपात-फलफूल र ४. दूध, दही, अण्डा, माछा, मासुमध्ये एक) हरेक छाकमा समावेश गरौं ।

**अन्त्यमा,**

स्वास्थ्य आफैंमा बहुनिर्धारक तत्व हो । नेपाली समाजमा अझै पनि रोग लाग्ने प्रमुख कारणहरुमा अस्वस्थकर बानीबेहोरा नै प्रमुख रहेको देखिन्छ ।

व्यक्तिगत, पारिवारिक तर्फबाट 'रोग लाग्नै नदिन' निम्नलिखित केही सामान्य उपायहरु अपनाउन सकिन्छ । यी सामान्य लाग्ने उपायहरुको फाइदा जान्न कुनै वैज्ञानिक खोज, शोध र अनुसन्धान नै पढ्नुपर्छ भन्ने छैन । अनुभूति गरेर पनि जान्न सकिन्छ ।

१) **साबुन पानीले हात धुनुहोस्**

चर्पी प्रयोग गरिसकेपछि, खाना बनाउनु र खानु-खुवाउनु अघि, काम गरेर आएपछि साबुन पानीले अनिवार्य हात धुनुहोस् । धेरै रोगबाट बच्न सक्नुहुन्छ ।

२) **पर्याप्त सुत्नुहोस्**

दिनमा कम्तिमा ७ देखि ९ घन्टा सुत्नु आवश्यक छ । अनिद्राका कारण मधुमेह, उच्च रक्तचाप लगायत मानसिक समस्या निम्तिन सक्छ । जुवा, तास, मोजमस्तिकालागि निद्रा नबिगार्नुहोस् ।

३) **नियमित व्यायाम गर्नुहोस्**

बिहान केहि समय योग, प्रणायाम, व्यायामका लागि छुट्ट्याउनुहोस् । यसले तन्दुरुस्ती र तौल नियन्त्रण दुबै हुन्छ ।

४) **प्राकृतिक जडीबुटी**

हाम्रो घर वरिपरी उब्जिने सम्पूर्ण वनस्पति हाम्रै लागि प्रकृतिले डिजाइनगरेको छ । अदुवा, तुलसी, लसुन, मरिच, हल्दी, एलोवेरा, कागती, मह, अमला उपलब्ध भएसम्मसेवन गर्नुहोस् ।

५) **पर्याप्त पानी पिउनुहोस्**

६) **सन्तुलित आहार लिनुहोस्**

आहार शरीरको कच्चा पदार्थ हो । अन्न, फलफूल, मौसमअनुसारको रंगीन सागसब्जी, दही, मही, सलाद आदी खाने गर्नुहोस् । सामान किन्न पर्याप्त जानकारी लिनेगरे जस्तै मुखमा आहार हाल्नु अघि स्वस्थकर भए नभएको विचार गर्ने गरौं ।

७) **तनावमुक्त रहनुहोस्**

दैनिक हास्नुहोस् र हसाउनुहोस् । आवश्यक्ताभन्दा बढी चिन्ता, रिस, डरनलिनुहोस् । यसले शरीरलाई निकै हानी गर्छ । परिवारलाई समय दिनुहोस्, रमनोरञ्जन पनि गर्नुहोस् ।

८) **सकारात्मक बन्नुहोस्**

जीवनको हरेक घटनामा नकारात्मक र सकारात्मक पक्ष हुन्छन् । जीवनका हरेकक्षणलाई सकारात्मक बनाउनु होस् । सकारात्मक सोंचाइले सफलता र स्वस्थता दुबै मिल्छ ।

९) **सरसफाइ**

व्यक्तिगत, सामुदायिक, घर-अफिस सबैतिर पर्याप्त सरसफाइ सुनिश्चित गर्नुहोस् । पर्यावरण जोगाऔं र आफू पनि बाँचौं ।

१०) **स्वास्थ्य शिक्षा**

स्वास्थ्यसम्बन्धी जनचेतना मूलक कुराहरु विभिन्न माध्यमहरु (रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट, स्वास्थ्यकर्मी) बाट सिक्नुहोस् र त्यसलाई जीवनमा लागू गर्नुहोस् ।

१२) **परिवारसँग जोडिनुहोस्**

पारिवारिक काममा सहभागी हुने, चासो लिने, योगदान दिने, छिमेकी-आफन्तसँग सम्बन्ध सुधार्ने, सहयोग लिनेदिने कार्यले मानसिक तथा सामाजिक स्वास्थ्य लाभ लिन सकिन्छ । यसले तपाईंलाई आनन्द पनि दिनेछ ।

१३) **स्वास्थ्य परीक्षण**

संभव भए नियमित स्वास्थ्य परीक्षण गराउनुहोस्, नभए लक्षण देखिने बितिकै सुरुकै अवस्थामा चिकित्सकको परामर्श लिनुहोस् । उल्लेखित सम्पूर्ण कुराहरु दिनचर्यामा समावेश गरेर जो कसैले पनि आफ्नो रोग प्रतिरोधात्मक शक्ति बलियो बनाउनुका साथै समय, पैसा, ऊर्जाको बचत गरेर निरोगी जीवनको आनन्द लिन सक्छ । रोग लाग्दै, लाग्दैन भन्ने होइन तर ठूलो आर्थिक क्षति गराउने अनि ज्यानै जोखिममा पार्न सक्ने रोगहरुबाट धेरै हदसम्म बच्न सकिन्छ ।

स्वास्थ्य खबरबाट

**एमाले...**

कोशी प्रदेशले यी तीन विषयमा आधा/आधा जसो मत प्रकट भएको उल्लेख गरेको छ। सुदूरपश्चिम प्रदेशले उमेरहद र दुई कार्यकालको सीमाको अभ्यास उचित रहेको सुझाएको थियो।

गैरभौगोलिक प्रदेशले पनि ७० वर्षे उमेरहद, दुई कार्यकालको सीमा र विद्यादेवी भण्डारीको सदस्यता नविकरणको विषयमा पक्ष र विपक्ष दुवैतर्फ मत प्रकट भएको सुझावमा समेटेर प्रस्तुत गरेको थियो।

समूहगत रुपमा प्रस्ताव गरिएको सुझाव अहिले नै भने संशोधन नहुने जवाफ नेतृत्वले दिएका थिए।

एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्तावमा आएका संशोधनहरू अहिले नै अघि बढ्न नसक्ने जानकारी गराएका थिए।

आइतबार आफूले प्रस्तुत गरेको विधान संशोधन प्रस्तावमाथि समूहगत छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा उनले आफूले प्रस्तुत गरेको विधान संशाधन प्रस्ताव तर्कसहित ल्याएको बताएका थिए।

महाधिवेशनको अन्तिम दिन आइतबार पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलेराजनीतिकप्रतिवेदनमाथि महाधिवेशन प्रतिनिधिहरुले उठाएको जिज्ञासाको जवाफ दिँदै नेपाली विशेषताको समाजवादका विषयमा प्रष्ट्याएका हुन्। उनले नेपाली विशेषताको समाजवाद जबजको विकल्प नभई जबजको जगमा नै अघि बढ्ने बताएका छन्।

अध्यक्ष ओलीले जबजको जगमा नेपाली विशेषताको समाजवादमा पुग्ने बाटो 'समृद्ध नेपाल, सुखी नेपाली गन्तव्य' हुने बताए।

नेपाली समाजको वर्ग विश्लेषण गर्दै अध्यक्षले भने-'नेपाली विशेषताको समाजवाद जबजको जगमा अगाडि बढ्न् भनिएको हो। त्यसका लागि समृद्ध नेपाल, सुखी नेपालीलाई गन्तव्यका रुपमा अघि सारिएको हो। यसको अर्थ मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जबजलाई छोडेको होइन, सृजनात्मक प्रयोग गरिएको हो।'

समृद्धिको 'प्यारामिटर' सुशासन, सुरक्षा, मानव जातिलाई सम्मान परिपाटीको विधि, जैविक र मानवीय सहजता हुने अध्यक्ष ओलीले बताए।

पार्टीले गहिर्याईमा पुगेर समाजको विश्लेषण, व्याख्या गरेको औंल्याउँदै विचारमा समयअवधि अनुसार अध्यावधिक गरेको बताए।

'कार्यनीति, भविष्यका स्पष्ट भिजन राखेर मात्रै अघि बढ्छौं। हामी देश, काल, परिस्थिति अनुसार सिद्धान्तका आधारमा जान्छौं। नेतृत्व विज्ञान हो। कार्ल मार्क्सवादी सिद्धान्तलाई रुसमा लेनिन, चीनमा माओ, भियतनाममा होचिमिन्ह, कोरियामा किमइलसुङले आफ्नै मौलिक सृजनात्मक रुपमा व्याख्या र प्रयोग गरे। हामीले पनि परिपक्व र मौलिक ढंगले समाजवादी यात्रामा अघि बढ्ने कार्यक्रम अघि सारेका छौं।'-अध्यक्ष ओलीले भने।

संविधान निर्माण हुन २३ वर्षअघि एमालेले जबजको सिद्धान्त प्रतिवादन गरेको अध्यक्ष ओलीले बताए।

'२३ वर्षअघि जबजको सिद्धान्त प्रतिपादन गरेर वर्तमान संविधानलाई निर्देशन गरिको हो। संविधानमा समाजवाद उन्मुख छ भन्ने होइन, हामीले लेखेका हौं', अध्यक्ष ओलीले भने-'संविधान संशोधन आवश्यक भएकाले संशोधन गर्छौं भनिसकेका छौं। अब छिट्टै एउटा विज्ञ समूह बनाएर संशोधनको खाका तय गर्छौं। यो समय विकास क्रमको अध्यावधिक हो। पहिले जस्तो हुँदैन अबको संविधान जनताको हितमा केन्द्रित हुनेछ।'

**आज...**

प्रसाईं आउँदा नयाँ पुस्ताको अभियानबारे फरक सन्देश जानसक्ने वा अप्रिय परिस्थिति समेत सिर्जना हुनसक्ने भन्दै उनीहरुले छलफल गरेका छन्।

'सबै स्वतःस्फूर्तरुपमा जम्मा हुने भएकाले हामीले कसैलाई नेतृत्वकर्ता नराखेका हौं। तर, प्रसाईंजस्ता व्यक्तिहरू आउँदा यसले केही विवाद हुन्छ कि जस्तो देखिएको छ।'

सोमबार हुने प्रदर्शनलाई शान्तिपूर्ण बनाउने हिसाबले केही जेनजी युवा आइतबार अपराह्न माइतीघर मण्डलामा भेला भएर समेत बैठक गरेका छन्। त्यसक्रममा समेत दुर्गा प्रसाईंको कुरा उठेको थियो।

'कतिपयले स्वतःस्फूर्त हुने प्रदर्शनमा जो पनि आउन पाउनेछ भन्ने विचार राख्नुभयो, तर प्रसाईंजी चाहिँ अगाडि देखिनु भएन भन्ने कुरा रह्यो,' बैठकमा सहभागी एक युवाले भने-'कतिपयले चाहिँ उहाँलाई आउनै दिन हुँदैन भन्ने मत राखे।'

जेनजी पुस्ताको एजेण्डा हाईज्याक हुनसक्ने भन्दै उनीहरुले आउन दिन नहुने बताएका छन्। राजावादी समूहका अरु कतिपय व्यक्तिसमेत यसमा जोडिन खोजेको भन्दै ती युवा भन्छन्-'खासमा भोलिको प्रदर्शनमा आउने हो भने सबैले यो पार्टी वा त्यो पार्टी भन्ने विचार त्यागेर आउनु पर्‍यो।'

प्रसाईंले सामाजिक सञ्जाल फेसबुकमा आइतबार दिउँसो भ्रष्टाचारविरुद्धको महाअभियानमा सबैलाई धन्यवाद भन्दै देश र नेपाली नागरिक जोगाउने आन्दोलनमा आफैं सरिक हुने भनेका थिए।

१५ चैतको आन्दोलनमा जस्तो दमन नहोस् भन्दै उनले भनेका छन्-'३ वर्षअघि हामीले उठाएको आवाजलाई आज फेसबुक, टिकटकदेखि सम्पूर्ण सञ्चार जगतले पुनः दोहोर्‍याएको छ–धन्यवाद सबैलाई !'

प्रसाईंको स्ट्याटसपछि आन्दोलनमा सक्रिय सदस्यहरू तीनकुनेमा बैठक बसेर प्रसाईं आएमा 'नट अलाउड'को ब्यानर देखाउने निर्णय गरेका थिए। यसपछि उनीहरू माइतीघरमा बैठक बस्न पुगेका थिए। उनीहरू बैठक बसेकै अवस्थामा एक जेन जेड प्रतिनिधिलाई प्रसाईंले फोन गरेर आफू नआउने बताएका छन्। बैठकमा सहभागी एक सदस्यका अनुसार प्रसाईंले फोन गरेर 'म भोलि आउँदिनँ भाइ हो, आन्दोलन राम्रोसँग गर्नू' भनेका छन्।

एमाले नेता महेश बस्नेतले युवा पुस्ताले चलाएको 'नेपो बेबी' अभियानले आफ्नो छोरी ज्वाइँको तस्विर जोडेर भ्रम फैलाएको भन्दै आपत्ति जनाएका छन्।

उनले 'जेन-जी' ले चलाएको यो कुनै स्वतन्त्र र रचनात्मक आन्दोलन नभएको आरोप लगाउँदै सामाजिक मर्यादामा आँच आउने काम गर्नेलाई कारबाहीको माग गरेका छन्।

यो अभियान कुनै स्वतन्त्र वा रचनात्मक आन्दोलन होइन, यो पुनरुत्थानवादी र अराजकतावादी प्रवृत्तिले सोसल मिडिया तथा पेड मिडियालाई हतियार बनाएर राज्य, त्यसका संयन्त्र, स्थापित दल र नेताहरूमाथि बदनाम अभियान सञ्चालन गर्न थालेको घिनलाग्दो प्रयास असफल भएपछि तिनै तत्वहरूले आफ्नो असफलता ढाकछोप गर्न र गलत लोकप्रियता कमाउन यसलाई अफवाहका रूपमा प्रयोग गरिरहेका आरोप बस्नेतले लगाएका छन्।

# पुतलीबजारले गर्‍यो ५७ करोडको पूर्वाधार निर्माण

स्याङ्जा। विकासको प्रमुख आधार भएको मान्दै तिनै तहका सरकार पछिल्लो समय सडक तथा पूर्वाधार निर्माणमा केन्द्रित छन्। सडक नबन्दासम्म विकासमा पछाडि पर्यौं भन्ने हाम्रो मानसिकता छ। आमनागरिकको बुझाइसँगै सरकारले पुँजीगत खर्चको ठूलो हिस्सा सडक र पूर्वाधार निर्माणमै लगानी गरेको छ। केन्द्र तथा स्थानीय तहले पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको जस्तै स्याङ्जाको पुतलीबजार नगरपालिकाले सडक समेतका पूर्वाधारमा झण्डै ५७ करोड लगानी गरेको छ।

पुतलीबजारले ठूला सडक तथा पूर्वाधारतर्फ ९ वटा सडकमा ५२ करोड ६१ लाख ७६ हजार २९१ र सिँचाइ तथा खेलकुदमा ४ करोड ६७ लाख ८३ हजार ९१२ रुपैयाँ लगानी गरेको नगर प्रमुख तुलसी रेग्मीले बताए। आर्थिक वर्ष २०८१/०८२ मा नगरका ठूला ११ सडक र पूर्वाधार निर्माणमा ५७ करोड २९ लाख ६० हजार २०३ रुपैयाँ लगानी गरेको रेग्मीले जानकारी दिए।

स्याङ्जा र तनहुँ जोड्ने प्रगतिनगर-बहाकोट, काल्खु सडकमा ३६ करोड ५३ लाख २८ हजार ४४३ रुपैयाँ लगानी भएको पुतलीबजारको सबैभन्दा ठूलो योजना हो। करिब ७ किलोमिटर पक्की सडक संघीय सरकारमार्फत् विश्व बैंकको झण्डै ४५ करोड सहुलियत ऋण सहयोगमा निर्माण गरेको पुतलीबजारले जनाएको छ। ट्याक खोलेको झण्डै २५ वर्षपछि स्तरोन्नति गरिएको सडक समयसिमा भित्रै एकै वर्षमा निर्माण भएको हो।

पुतलीबजारले पुतलीखेत-सतौ, आरुचौर जोड्ने सडकमा ७ करोड ५२ लाख, नयाँबजार-ठूलाडिही सडक स्तरोन्नतिमा ५ करोड १७ लाख लगानी भएको जनाएको छ। बाडखोला-नयाँबजार खण्डको चम्फापानीमा एक करोड १५ लाख लगानी भएको बताएका प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुङ्गानाले मसर्का-मोहोरिया, रामकोष-नयाँखोरिया, जाँडखोला-पेल्काचौर, नयाँबजार-पौवैगौडे, टक्सार र पुराना सडकको स्तरोन्नती गर्न झण्डै ३ करोड लगानी गरेको सुनाए।

जिल्ला मुकाममै झण्डै ५ करोडको लागतमा १० वर्षपछि कभर्डहल निर्माण भएको छ। गएकै वर्ष पुतलीबजारले दुई करोड ७५ लाख २३ हजार लगानी गरेपछि कभर्डहल निर्माण सम्पन्न भएको हो। करोडौं लगानीमा वर्षौंपछि बनेको कभर्डहलमा ब्याडमिन्टनका ४ टिमलाई खेल्न मिल्ने दुईवटा कोटमात्रै छन्।

पुतलीबजारले पूर्वाधारतर्फकै ठूला योजना सिँचाइमा एक करोड ९२ लाख, खानेपानी संरचनामा एक करोड ६ लाख ८२ हजार, सरसफाइ संरचनामा ३४ लाख ५० हजार र भवनको संरचनात्मक सुधारमा २० लाख ५० हजार लगानी गरेको जनाएको छ। गएकै वर्षमा १४ वटा वडाका दुई दर्जन सडकहरुमा पुतलीबजारले करिब २ करोड रकम खर्चेर स्तरोन्नति गरेको जनाएको छ।

आर्थिक वर्ष २०८१/०८२ को एक अर्ब ३४ करोड ६० लाख ५६ हजार ४१५ रुपैयाँको कुल बजेटमा एक अर्ब ११ करोड १४ लाख १९ हजार अर्थात् ८२ प्रतिशत कुल वित्तीय प्रगति प्राप्त गरेको पुतलीबजारले पुँजीगत शीर्षकको भौतिक निर्माणमा ७९ प्रतिशत रकम खर्च गरेको छ।

## Madhyabindu Municipality

### Office of Municipal Executive

**Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)**

**Gandaki Province, Nepal**

# Invitation for Bid

First Date of publication: 2025-9-8

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 07/NCB/ MB/WORKS /2082/83 | Maire dekhi uttartarfa kulo nirman &Kishan Chowk dekhi tamsariya jodne sadak istharunatti, Madhyabindu-06 | NCB-WORKS | 5,333,809.10 | 3000/- | 1,40,000.00 | 90 days/ 120 days after bid opening | 2025-10-08 12.00 | 2025-10-08 14.00 |

**Chief Administrative Officer**

## SEE को आवश्यक कागजात हराएको सूचना

मेरो निम्न विवरण भएको SEE को क्यारेक्टर सर्टिफिकेट र मार्कसिट यही मिति २०८२।०४। १० गते अर्घाखाँची-३ मालारानीबाट बुटवल आउँदै गर्दा हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

**नाम :** रिलिस्मा पोखरेल
**ठेगाना :** स्थायीः मालारानी-३,अर्घाखाँची (हालः बुटवल-३, गोलापार्क)
**सिम्बोल नं. :** ०४८०३६८३A
**रजिष्टेश नं.:** ८०५४८०२५०३२४
**जन्म मितिः** २०६२।१०।२८
**सम्पर्क :** ९८६७८०३५२५

## SEE को आवश्यक कागजात हराएको सूचना

मेरो निम्न विवरण भएको SEE को क्यारेक्टर सर्टिफिकेट र मार्कसिट यही मिति २०८२।०४। १० गते अर्घाखाँची-३ मालारानीबाट बुटवल आउँदै गर्दा हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

**नाम :** रिलिजन पोखरेल
**ठेगाना :** स्थायीः मालारानी-३,अर्घाखाँची (हालः बुटवल-३, गोलापार्क)
**सिम्बोल नं. :** ०४८०३६८२Z
**रजिष्टेश नं.:** ८०५४८०२५०३२३
**जन्म मितिः** २०६२।१०।२८
**सम्पर्क :** ९८६७८०३५२५

# आवश्यकता

(प्रकाशन मिति :२०८२/०५/२३)

स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई निम्नानुसारका शाखा कार्यालयहरुमा कर्मचारी आवश्यक भएकोले योग्यता पुगेका स्थानिय नागरिकहरुबाट आफुले काम गर्न इच्छुक शाखामा दरखास्त पेश गर्न आव्हान गरिन्छ।

| काम गर्ने कार्यालय | पद | संख्या | शैक्षिक योग्यता | उमेर हद | सेवा सुविधा | सेवाको प्रकृती |
|---|---|---|---|---|---|---|
| (१) रुपन्देही : फर्साटिकर, रानिबगिया, पर्सा र खैरेनी<br>(२) नवलपरासी : प्रतापपुर<br>(३) कपिलवस्तु : प्रेमनगर, र बहादुरगन्ज<br>(४) दाङः श्रीगाउं<br>(५) बांके : डिगिया, इन्द्रपुर, पिप्रहवार खजुरा<br>(६) बर्दिया : गणेशपुर, रामपुर र सोनपुर | केन्द्र अभिकर्ता/ परिचालक | १५ | SLC वा सो सरहको परिक्षा उत्तिर्ण | १८ बर्ष पुराभई ४५ बर्ष ननाघेको। | (१) लघुवित्तको अनुभव प्राप्तलाई आधार तलब रु.१४,२६८। र विषेश भत्ता रु.९,५१२। उपलब्ध गराईने र अन्य सुविधा आपसी सहमतीमा तय गरिने।<br>(२) अनुभवन भएकालाई प्रशिक्षार्थी सेवामा कार्यरत कनिष्ठ सहायकले पाउने सुविधा प्रदान गरिने छ। ६ महिनापश्चात् कार्य क्षमताको आधारमा माथि (१) नं.मा उल्लेखित सुविधा प्रदान गर्न सकिनेछ। | करार सेवा |

विज्ञापन सम्बन्धी थप व्यवस्थाहरु :

१) शाखा कार्यालयमा प्राप्त निवेदन छानविन गरि ७ दिन भित्र योग्य उम्मेदवारलाई अन्तर्वार्ता परिक्षाका लागि सर्म्पक गरि अन्तर्वार्ता परिक्षा सुरु हुने र आवश्यक संख्यामा कर्मचारी भर्ना पश्चात नियुक्ति प्रकृया बन्द गरिने छ।
२) माथि उल्लेखित शाखाहरु मध्ये अधिकतम १५ जनासम्म मात्र केन्द्र अभिकर्ता/परिचालक भर्ना गर्ने अधिकार पदपूर्ति समितिमा निहित रहने।
३) विज्ञापन सम्बन्धमा कुनै विवाद पर्न गएमा त्यसको अन्तिम निर्णय गर्ने अधिकार पदपूर्ति समितिमा निहित रहने छ।
४) परिक्षाको किसिम : अन्तर्वार्ता।

पदपूर्ति समिति
**स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालय तिलोत्तमा-५ मणिग्राम, रुपन्देही

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३




**दाङमा प्रभातफेरीः**
निजामती सेवा दिवस-२०८२ का अवसरमा आइतबार जिल्ला प्रशासन कार्यालय दाङको आयोजनामा घोराहीमा निकालेको प्रभातफेरीमा सहभागी निजामती कर्मचारी । त
स्विरः कुलदीप न्यौपाने/रासस

# अन्नपूर्ण न्युरोको सेवा क्रिमसन अस्पतालबाट

बुटवल । न्युरोसम्बन्धी जटिल उपचार समेत अब क्रिमसन अस्पताल मणिग्राममा हुने भएको छ। अन्नपूर्ण न्युरो अस्पतालका न्युरो सर्जन डा.समृद्ध मल्लले आइतबारदेखि क्रिमसन अस्पतालमा सेवा सुरु गरेका छन् ।

जटिल समस्याका बिरामीको उपचार तथा शल्यक्रियाको लागि नेपालका प्रख्यात न्युरो विशेषज्ञ डा.बसन्त पन्तसमेतको टीम अबदेखि क्रिमसनमै आउने भएको छ । अन्नपूर्ण न्युरो अस्पताल काठमाडौंमा उपलब्ध गराउने सेवा स्थानीयस्तरमै उपलब्ध हुन सकोस् भनेर सम्झौता गरिएको क्रिमसन अस्पतालका अध्यक्ष दुर्गाप्रसाद पाण्डेयले जानकारी दिए ।

दुर्घटना वा अन्य मष्तिष्कसम्बन्धी गम्भीर समस्याको लागि अहिले यस क्षेत्रका बिरामीहरु अहिलेसम्म काठमाडौं नै धाउनु पर्ने अवस्था छ। न्युरो अस्पतालसँग सम्झौतापछि यहि सेवा पाउँदा बिरामी र आफन्तलाई सजिलो हुनेछ।

क्रिमसन अस्पतालमा न्युरो सेवासहित हाडजोर्नी तथा नशा रोग विशेषज्ञ, जनरल तथा ल्याप्रोस्कोपिक सर्जरी, जनरल फिजिसियन, नाक, कान, घाँटी रोग विशेषज्ञ, मुटुरोग विशेषज्ञ, छाति तथा फोक्सो रोग विशेषज्ञ, छाला तथा यौनरोग विशेषज्ञ, पेटरोग विशेषज्ञ सेवा उपलब्ध छन् । त्यसैगरी रेडियोलोजिष्ट, स्त्री तथा प्रसूति रोग विशेषज्ञ, एनेस्थेसिया तथा सघन उपचार विशेषज्ञ, बालरोग विशेषज्ञ, नशा तथा मनोरोग विशेषज्ञ, मृगौला रोग विशेषज्ञ, दन्तरोग विशेषज्ञ, प्याथोलोजी फिजियोथेरापी सेवा पनि अस्पतालले दिँदै आएको छ।

अस्पतालमा भारतीय सेनाबाट अवकाश पाएका परिवार, सामाजिक सुरक्षा कोष र कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता तथा गोर्खा वेलफेयरका सदस्यहरुलाई निःशुल्क उपचार हुने गरेको छ।

त्यसैगरी नेपाल सरकारको आमा सुरक्षा कार्यक्रमअन्तर्गत निःशुल्क प्रसूति सेवा, डायलाइसिस सेवा र मुटु उपचार सेवा पनि उपलब्ध रहेको छ।

अत्याधुनिक मोडुलर शल्यक्रिया कक्ष, क्रिटिकल केयर युनिट आइसियु, सिसियु, एनआइसियुलगायतका अत्याधुनिक प्रविधि पनि अस्पतालमा उपलब्ध छन् । » *( एडभरटोरियल )*

# २२औँ निजामती सेवा दिवस सम्पन्न




**अविजित पन्थी**
*गैंडहवा*

रूपन्देहीको गैंडहवा गाउँपालिकामा २२औँ निजामती सेवा दिवस विभिन्न कार्यक्रमसहित भव्यतापूर्वक सम्पन्न गरिएको छ। तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले वि.सं. २०१३ साल भदौ २२ गते निजामती सेवा ऐन ल्याएको दिनलाई स्मरण गर्दै प्रत्येक वर्ष भदौ २२ गते यो दिवस मनाउने परम्परा बसालिएको हो । वि.सं. २०६१ सालदेखि यस दिवसलाई नियमितरूपमा मनाइँदै आएको छ। गैंडहवा गाउँपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा सुरुवातमै राष्ट्रिय गान र गाउँपालिकाको स्थानीय गान सामूहिक रूपमा गाइएको थियो । त्यसपछि कार्यालय परिसरभित्र सरसफाइ कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रमको अध्यक्षता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले गरेका थिए । उनले निजामती सेवकहरूको भूमिका जनताको सेवा र सुशासनलाई मजबुत बनाउन महत्वपूर्ण रहेको उल्लेख गर्दै निजामती सेवा जनताको अधिकारसँग प्रत्यक्ष जोडिएको हुन्छ, त्यसैले सेवकहरूले मुस्कानसहित उत्तरदायी सेवा प्रवाह गर्नुपर्छ भन्ने धारणा राखेका थिए।

कार्यक्रमका प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले निजामती सेवाको महत्वबारे प्रकाश पार्दै गाउँपालिका प्रत्यक्ष जनतालाई सेवा दिने निकाय रहेको बताए। हरेक सेवकले आफ्नो अधिकार र हकहितसँगै कर्तव्यलाई पनि जिम्मेवारीपूर्वक निर्वाह गरे मात्र विकास, समृद्धि र सुशासन सम्भव हुने जिकिर उनले गरे । यसैगरी गाउँपालिकाले नयाँ अभ्यासको घोषणा गर्दै हरेक दिन बिहान १० बजे राष्ट्रिय गान र गैंडहवाको स्थानीय गान गाएपछि मात्र मुस्कानसहित सेवा प्रवाह गर्ने निर्णय गरेको छ । कर्मचारी तथा जनप्रतिनिधिहरूले यसलाई प्रशासनलाई जनमुखी बनाउन सहयोग गर्ने सकारात्मक अभ्यासका रूपमा स्वागत गरेका छन् ।

“व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन” भन्ने मूल नाराका साथ मनाइएको कार्यक्रममा सरोकारवाला, जनप्रतिनिधि तथा निजामती कर्मचारीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

कर्जा असुलीमा सक्रियः

# स्याङ्जाका दर्जनौ घरजग्गा बैंक र सहकारीको नाममा

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्याङ्जामा बैंक तथा वित्तीय संस्थाहरुले गरेको लगानी उठाउन सक्रिय देखिएका छन् । अनुत्पादकमा लगानी गरेर कर्जा असुलीमा अफठ्यारो भोग्दै आएका बैंक तथा वित्तीय संस्थाहरुले लगानी असुलीमा सक्रियता देखाएका हुन् । धितो सुरक्षण राखेर लगानी गरेका बैंक तथा वित्तीय संस्थाहरुले असुलीमा समस्या हुने देखेपछि लिलामी गरेर भए पनि धमाधम घरजग्गा सकार्ने काममा लागिरहेका छन् । जिल्लाभर वाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघुवित्त र बचत तथा ऋण सहकारीहरुले कर्जा लगानी गर्दै आएका छन् । यसको तथ्याङ्क हेर्ने हो भने झण्डै २ सयभन्दा माथि वित्तीय संस्थाहरुले अर्बौं लगानी गरेको पाइन्छ।

जिल्ला मालपोत कार्यालय स्याङ्जा र मालपोत कार्यालय वालिङको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०८१/०८२ मा बैंक तथा सहकारीहरुले २१ ओटा घरजग्गा धितो लिलाम गरी आफैं सकारेको देखिएको छ । एक वर्षको अवधिमा २१ घरजग्गा धितो सकारेका बैंकहरुको लामो तथ्याङ्क हेर्ने हो भने जिल्लाभर सयौं घरजग्गा बैंक र सहकारीको नाममा रहेको हुन सक्ने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा ४ ओटा बैंक र ४ ओटा सहकारीले धितो लिलाम गरी घरजग्गा सकारेका छन् । घरजग्गा सकार्नेमा नेपाल इन्भेष्टमेन्ट बैंक, कामना सेवा विकास बैंक, मुक्तिनाथ विकास बैंक, ज्योति विकास बैंक, आई सिं एण्ड सिं फाइनान्स रहेका छन् भने सहकारीहरुमा उपकार बचत तथा ऋण सहकारी, शुभलक्ष्मी बचत तथा ऋण सहकारी, गाउँले बचत तथा ऋण सहकारी, ग्रामीण कृषि सहकारी, इनर्जेटिक बचत तथा ऋण सहकारी रहेका छन् ।

बैंक र सहकारीले लिलामी बढाबढ सूचनाको आधारमा केही धितो जग्गा भने व्यक्तिले सकारेको मालपोतको तथ्याङ्कबाट देखिएको छ । नेपाल इन्भेष्टमेन्ट बैंकले ३, मुक्तिनाथ विकास बैंकले ३, ज्योति विकास बैंकले ४, कामना सेवा विकास बैंक, आई सिं एण्ड सिं फाइनान्स र ऋण असुली न्यायीधिकरणले एक–एक ओटा धितो लिलाम गरेका छन् । यसैगरी गाउँले बचत तथा ऋण सहकारीले ३, उपकार बचत तथा ऋण सहकारी, शुभलक्ष्मी सहकारी, ग्रामीण कृषि सहकारी, इनर्जेटिक सहकारी र ग्रामीण सहकारीले एक–एकवटा धितो लिलाम गरेका छन् ।

बैंक र सहकारीले धितो लिलाम गरी सकारेबापत लाभकर १ करोड ४८ लाख २ हजार ४ सय १ संकलन भएको छ। घरजग्गा लिमाली प्रक्रियामा गएपछि बैंक र सहकारीहरु ऋण असुलीमा आक्रमक देखिएको यो तथ्याङ्कले देखाउँछ।

बैंकिङ् प्रतिस्पर्धाका कारण कुनै कार्ययोजना नबनाइ नागरिकलाई कर्जा लगानी गर्दा ऋणिलाई तिर्नेबेला समस्या हुँदै आएको छ। लगानी गर्दा एउटा व्याजदर कायम गरिदिने र केही समयपछि पुनः अर्को व्याजदर कायम गरिदिँदा पनि ऋणीले सावाँव्याज तिर्न नसकेको गुनासो गरिरहेका छन् । अनुत्पादकमा लगानी र ऋणीलाई सावाँव्याज तिर्ने वातावरण वित्तीय क्षेत्रले नबनाउँदा धेरै नागरिकको घरबास समेत गुम्ने खतरा बढेको छ।

मालपोत कार्यालय स्याङ्जा र वालिङमा विभिन्न वित्तीय संस्थाहरुले २२६३ घरजग्गा रोक्का राखेका छन् । लगानी गर्दा धितो सुरक्षणका लागि सम्पति राख्ने कानुनी मान्यता पाएपछि वित्तिय संस्थाले आर्थिक बर्ष २०८१/०८२ मा सहकारीले १ हजार २ सय ६, बैंकले १ हजार २५ र अन्यले २३ घरजग्गा रोक्का राखेर कर्जा लगानी गरेका छन् । घरजग्गा रोक्का राखे बापत मालपोत कार्यालयले ८८ लाख १९ हजार ५ सय रकम राजस्व संकलन गरेको जनाएको छ। गत आर्थिक वर्षमा भन्दा चालु आर्थिक वर्षमा लिलामी हुने संख्या अझै बढ्न सक्ने बताइएको छ।

# साहित्यकार राजेन्द्र गोपाल सिंहको बन्न नसकेका कविता संग्रह लोकार्पण



पाल्पा । तानसेनमा फरक शैलीबाट कार्यक्रम भएको छ। एउटा व्यक्ति प्रमुख व्यक्ति बनाएर विभिन्न किसिमका उद्घाट्न कार्यक्रम गर्ने परम्पराभन्दा भिन्न तरिकाबाट कार्यक्रममा उपस्थित सबै व्यक्तिहरुलाई प्रमुख अतिथि बनाएर पाल्पा साहित्य समाजले फरक शैलीको कार्यक्रम गरेको छ । साहित्यकार राजेन्द्र गोपाल सिंहको बन्न नसकेका कविताहरुको कविता संग्रह लोकार्पण कार्यक्रममा उपस्थित सबै पाहुनाहरुले पुस्तकको लोकार्पण गरेका हुन् । उपस्थित सबैले प्रमुख अतिथिको रुपमा कविता संग्रह लोकार्पण गर्न पाउँदा सहभागी सबैजना दंग परे ।

साहित्यकार सिंहद्वारा प्रकाशित बन्न नसकेका कविताहरु कविता संग्रहमा विभिन्न विषयबस्तुहरु समेटिका ५१ वटा कविताहरु रहेका छन् । कविता संग्रहमा बर्तमान अवस्थामा राजनीति, शिक्षा, भेषभुषा, भाषा, धर्मकर्म, समाजिक तडक भडक, नैतिक, धार्मिक मूल्य मान्यता तथा अनुशासनका विषयमा हुने गरेको विकृति विसंगती, जालझेल, छलछामलगायतका विषय बस्तुमा आधारित रहेर बन्न नसकेका कविताहरु कविता संग्रह प्रकाशित भएको हो ।

प्रस्तुत कविता संग्रह परम्परा र यथास्थितिभन्दा फरक शैलिमा प्रकाशन गरिएको छ । प्रकाशनमा कुनै पनि शुभकामना, भूमिका तथा लेखकको भनाइ केही पनि समावेश गरिएको छैन। परम्परावादी शैलीबाट भन्दा माथि उठेर पनि कविता संग्रह प्रकाशन गर्न सकिन्छ भन्ने सन्देश दिने गरी कृति प्रकासनको सुरुवात साहित्यकार कवि सिंहले गरेका छन् ।

पाल्पा साहित्य समाज तानसेन पाल्पाद्वारा प्रकाशित कृतिमा कुनै टिप्पणीकार राखिएन। कुनै प्रमुख अतिथि बनाइएन । कुनै विशिष्ट अतिथि भएनन् । उपस्थित सबैले कविता संग्रहको एकसाथ विमोचन हुँदा कार्यक्रम नै फरक शैलीबाट भयो ।

विमोचन कार्यक्रममा शुभकामना दिने वक्ताहरुले लेखकलाई बन्न नसकेका कविताहरुलाई कविता तथा व्यङ्गको रुपमा सार्वजनिक गर्न आग्रह गरेका छन् । साहित्यकार सिंह पाल्पाको भाषा, कला धर्म संस्कृति, इतिहास पर्यटन विकास, संरक्षण जर्गेना तथा उजागर गर्न लामो समयदेखि निरन्तर सक्रिय रहँदै आएका छन् ।

साहित्यकार सिंहले सम्झनामा पोखरेली सर्जकहरु २०७६, पाल्पाको साहित्यिक इतिहास २०७९, पाल्पामा नेपाली भाषा साहित्यको इतिहास २०८१ तथा विभिन्न पत्रपत्रिकामा साहित्यसम्बन्धी लेख रचनाहरु प्रकाशित भएका छन् । साहित्यकार सिंहलाई हकि, खरो र यथार्थवादी व्यक्तिको रुपमा लिने गर्दछन् ।

कार्यक्रममा वरिष्ट पत्रकार मेघराज शर्मा, पाल्पाली संगम मञ्चका पूर्व अध्यक्ष पदम न्यौपाने, इतिहास संस्कृतिविद निर्मल श्रेष्ठ, पत्रकार महासंघका अध्यक्ष कमलराज तिमिल्सेनालगायतले पाल्पाको साहित्य कला संस्कृती सम्पदालाई जोगाउन, माथि उठाउन, वहसमा ल्याउन, साहित्यप्रेमीहरुलाई उर्जा भर्न महत्वपूर्ण भूमिका खेलेको बताएका थिए।

आगामी दिनमा अझ बढी कृतिहरु प्रकाशित गर्न र पाल्पाको साहित्यलाई माथि उठाउने गरी भूमिका खेल्न वक्ताहरुले कवि सिंहलाई सुझाव दिएका थिए । कार्यक्रममा बाल गायक अस्तित्व रेग्मीले कविता संग्रहमा आधारित रहेर गीतबाट स्वागत गरेका थिए । भगवती मन्दिर अगाडि कविता संग्रहको सामूहिक लोकापर्ण गरी बन्द कोठामा शुभकामना आदानप्रदान गरिएको थियो ।

पाल्पा साहित्य समाजले हालसम्म विभिन्न कवि कवियत्री तथा साहित्यकार, गजलकारहरुका २४ वटा कृतिहरु प्रकाशित गरिसकेको छ । पाल्पा साहित्य समाजका अध्यक्ष पुष्कर अथक रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सल्लाहकार चित्रवलीराम सुवालको स्वागत र सचिव सविता भट्टराईको सञ्चालनमा कविता संग्रह लोकापर्ण भएको हो ।

# चेम्बर अफ कमर्स रूपन्देहीले बनायो वार्षिक कार्ययोजना



भैरहवा। चेम्बर अफ कमर्स, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) ले वार्षिक बनाएको छ। शुक्रबार र शनिबार पाल्पाको तानसेन नगरपालिका-१ स्थित रोज रिसोर्टमा बसेको वार्षिक कार्ययोजना बैठकले कार्ययोजना निर्माण गरेको संस्थाका अध्यक्ष सचिन रोक्काले बताए।

वार्षिक कार्ययोजनामा उद्योग, व्यापार, कृषि तथा पर्यटन क्षेत्रको अध्ययन अवलोकन भ्रमण, नेपाल सरकारको बजेटमा राजस्वका दर, भन्सार दर, नगरपालिका, राजस्व परामर्श समितिअन्तर्गत निर्धारण गरिने दर, निजी क्षेत्रका समस्या, सल्लाह-सुझाव पेश, समग्र रुपन्देहीको विकास, राष्ट्रिय गौरव आयोजना सम्बन्धी छलफल, डेलिगेशन/अन्तरक्रिया, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, कृषि, महिला उद्यमीसम्बधी कार्यक्रम, युवाका लागि सीपमूलक कार्यक्रम, खेलकुद कार्यक्रम, नेतृत्व विकास, कर शिक्षा तथा लेखा तालिम सञ्चालन गर्ने उल्लेख छ।

त्यस्तै शुभकामना आदानप्रदान, वृक्षारोपण, सरसफाइ, रक्तदान, क्यालेण्डर प्रकाशन, सडक खाना महोत्सव र साँस्कृतिक कार्यक्रम गर्ने कार्ययोजनामा समावेश गरेको छ । बैठकले विभिन्न उपसमिति गठन गरी जिम्मेवारी पनि दिएको छ।

गठन गरिएका उप-समितिमा उद्योगी-व्यवसायीहरुको गुनासो सुन्ने/छलफल गराउने/डेलिकेसन जाने उपसमिति, बजार प्रवर्द्धन तथा दर्ता नविकरण उपसमिति, राहत उपसमिति, उद्योग प्रवर्द्धन, व्यापार, आर्थिक, भैरहवा मण्डप, सूचना तथा सञ्चार, स्वास्थ्य, सीमा तथा भन्सार सहजीकरण, महिला उद्यमी, कृषि, होटल तथा पर्यटन, शिक्षा, युवा तथा खेलकुद, बजार अनुगमन, प्रेस सहजीकरण, रात्रिकालीन व्यवसाय व्यवस्थापन उपसमिति रहेका छन् ।

बैठकले आगामी कार्तिकमा चेम्बर अब कमर्सले आयोजना गर्ने लुम्बिनी महोत्सव-२०८२ को लागि विभिन्न उप-समिति समेत गठन गरेको महासचिव लक्ष्मी अधिकारीले बताए।

बैठकमा कोषाध्यक्ष धिरजकुमार मल्लिकले आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय-व्यय विवरण प्रस्तुत गरेका थिए। बैठकले अब्दुल कयुम, रामप्रसाद भण्डारी, दिनेश गुप्ता र माया खनाललाई सचिवालय सदस्यको जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै बैठकले निवर्तमान अध्यक्ष दर्पण श्रेष्ठको संयोजकत्वमा कार्यसमिति कार्यसम्पादन मूल्यांकन समिति गठन गरेको छ।

चेम्बर अफ कमर्स, रुपन्देहीका अध्यक्ष सचिन रोक्काको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष राम मिलन यादवको स्वागत तथा निवर्तमान अध्यक्ष दर्पण श्रेष्ठको धन्यवाद ज्ञापन तथा महासचिव लक्ष्मी अधिकारीको सञ्चालनमा भएको बैठकमा संस्थाका कानूनी सल्लाहकार जगतबहादुर रायमाझी, चेम्बर अफ कमर्स, लुम्बिनी साँस्कृतिक नगरपालिकाका अध्यक्ष कृष्णबहादुर गुरुङ, होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन रुपन्देहीका अध्यक्ष रामप्रसाद पोखरेललगायतले मन्तव्य राखेका थिए।

**छत्रदेव गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
छत्रगञ्ज, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

**आशय पत्र आह्वानको सूचना !**

**सूचना नं. २/कृषि/पशु/२०८२/०८३**
दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/२३

छत्रदेव गाउँपालिकाले निजी क्षेत्र तथा गैरसरकारी संघ-संस्थासँग साझेदारीमा काम गर्ने उद्देश्यले छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम चालु आ.व. २०८२/८३ देखि सालबसाली बहुवर्षीय रुपमा कार्यविधिको परिच्छेद २ (ग र ढ) मा उल्लिखित साझेदारीको क्षेत्रमा काम गर्न इच्छुक आवश्यक योग्यता पुगेका निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका व्यक्ति वा संस्थाहरुबाट यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आफ्नो संस्थाको आशय पत्र पेस गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेभसाइट www.chhatradevmum.gov.np बाट डाउनलोड गर्न वा छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरुः**
१. कार्यक्रमको विस्तृत विवरण,
२. कार्यक्रम सम्पन्न हुने अवधि,
३. मुख्य कामको विवरण,
४. कार्य अनुभव,
५. आशयपत्र पेस/सम्बन्धी निवदेन,
६. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवदेन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा) लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि,
७. साझेदारीका लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्धता पत्र,
८. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्था बिचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,
९. प्रस्तावना पेस गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
१०. संस्था कालो सूचीमा नपरेको स्वःघोषणा पत्रको सक्कल प्रति,
११. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
१२. विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र संस्थाको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण,
१३. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण, आशय पत्रदाताको आशयपत्र छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ११, १२ र १३ बमोजिमका आधारमा मूल्याङ्कन गरिनेछ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com